नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति-७९

## “ ५ वर्ष कैद सजाय तोकिएको फरार प्रतिवादी पक्राउ”



### अभियुक्तको विवरण :-

**नाम:- निरज ढकाल**

**उमेर:- २१ वर्ष**

**वतन: जिल्ला गोरखा, गोरखा नगरपालिका वडा नं.-११**

### विवरण:-

जाहेरवाली बालिका परिवर्तित नाम २६ बबरमहल (१०२) लाई प्रतिवादी निरज ढकाल समेतले जिल्ला काठमाडौं टोखा नगरपालिका वडा नं.-९ मा घर भाडामा लिई खाजाघर संचालन गरी उक्त खाजाघरमा आउने ग्राहकहरुबाट जनही रु.१०००/-(एक हजार) लिई बालिकालाई जबरजस्ती वेश्यावृत्तिमा लगाउने, सो कुरा बाहिर कसैलाई बताएमा ज्यान समेत लिने भन्दै डर,त्रासमा पारी राखेकोले कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त यस ब्युरोमा प्राप्त भएकोमा वारदातमा संलग्न निज प्रतिवादीलाई मिति २०७९/०८/२५ गते पक्राउ गरि अनुसन्धान पश्चात जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं मार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश हुँदा मिति २०७९/०९/०७ गतेको आदेशले रु.१,००,०००/- (१ लाख) धरौटी रकम दाखिला गरी छुटेकोमा मिति २०८१/०८/०५ गतेको उक्त अदालतको आदेशले मानव बेचबिखन तथा ओसारपसार कसूरमा ५ (पाँच वर्ष) कैद सजाय र रू २५,०००/-(पच्चिस हजार) जरिवाना फैसला तोकिएकोमा फैसला मिति देखि हाल सम्म फरार रहेका प्रतिवादी निरज ढकाललाई यस ब्युरोबाट खटिएको प्रहरी टोलीले जिल्ला प्रहरी कार्यालय गोरखा सँग आवश्यक समन्वय गरि खोजतलास गर्ने क्रममा मिति २०८१/१२/२६ गते जिल्ला गोरखा, गोरखा नगरपालिका वडा नं.-११ स्थित निजकै वतनबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरिएकोमा उक्त अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय डिल्लीबजार काठमाडौं चलान भएको।

**मिति: २०८१/१२/२७ गते।**

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**